# रगतका करार

Notes by Franklin

आदमको पाप पछि हामीले रगत कतिको बहुमुल्य छ र करारमा यसको महत्वलाई जान्न शुरु गरेका छौं ।

उत्पत्ती ३:२१ परमप्रभु परमेश्‍वरले आदम र तीनकी पत्‍नीको निम्ति छालाको लुगा बनाएर लगाइदिनुभयो ।

- परमप्रभुले अरुको जीवनलाई दिनुभयो – रगत बहाइयो – मानिसको पापलाई ढक्नलाई ।

लेवी १७:११ किनकि **जीवधारीको प्राण त्यसको रगतमा हुन्छ** अनि मैले त्यो वेदीमा तिमीहरू आफ्नै प्रायश्‍चित गर्नु भनेर तिमीहरूलाई दिएको छु. रगतद्वारा नै कसैको प्राणको निम्ति प्रायश्‍चित गरिन्छ ।

- आदमले यो पाठलाई सिके जब उनी आफैले पाप गरे ।

लेवी १७:१४ किनकि हरेक **जीवधारीको प्राण त्यसको रगतै हो** । यसैकारणले इस्राएलीहरूलाई भनेको छु. श्रतिमीहरूले कुनै प्राणीको पनि रगत नखानू, किनकि जीवधारीको प्राण त्यसको रगतै हो, त्यो खाने सबैलाई बहिष्कार गरिनेछ ।”

- पापको ज्याला मृत्यु हो (रोमी ६:२३) र आदमको पाप ढाक्नलाई रगतको बलिदान दिइयो । आदमले यो महत्वपूर्ण पाठलाई सिके र उनले यसलाई आफ्नो छोराहरुलाई सिकाएको कुरा हाबिलको बलिदानमा देख्नसक्छौं ।

उत्पत्ती ४:२–५ कयिन र हाबिल

त्यसपछि तीनले कयिनको भाइ हाबिललाई जन्माइन् । अब हाबिल भेडा गोठाला भए, अनि कयिन चाहिँ खेतको काम गर्ने भए । (३) केही समय बितेपछि कयिनले परमप्रभुलाई भेटीस्वरुप खेतका केही उब्जनी ल्याए । (४) तर हाबिलले आफ्ना बगालका पहिले जन्मेका मोटा पशुहरुबाट केही **असल भागहरु** ल्याउ । परमप्रभुले हाबिल र तीनको भेटीलाई निगाहको दृष्टिले हेर्नुभयो , (५) तर कयिन र तीनको

भेटीलाई चाहिँ निगाहको दृष्टिले हेर्नुभएन । यसकारण कयिन अति रीसाए, अनि तीनको अनुहार अध्यारो भयो ।

जसरी आदमलाई परमप्रभुले सिकाउनु भएको थियो  त्यसरी नै **हाबिल**ले **रगतको बलिदान** चढाएका थिए । यो जीवनको बद्लामा थियो , उनको पापको लागि रगत बहाउनु पर्दछ भनि घोषणा गर्दै । हाबिलले परमप्रभुलाई आराधना गर्नुपर्ने तरिकाद्धारा नै आराधना गरे ।

**कयिन**ले यस्तो गरेनन् । उनले आफुलाई मन पर्ने तरिकाद्धारा परमप्रभुको आराधना गरे – उनको आफ्नै हातद्धारा , र  परिश्रमहरुद्धारा । यहि नै धर्म हो – मानिसले परमेश्वरको को हुनुहुन्छ र कसरी उहाँको आराधना गर्नुपर्दछ भनि निर्णय गरेको ।

- धर्मशास्त्र भरि नै हामीलाई सिकाइएको छ : उहाँले **हामीले गरेका धार्मिक कामहरू**को कारणले होइन, तर उहाँको कृपाको कारणले **हामीलाई बचाउनुभयो** । उहाँले हामीलाई पुनर्जीवनको स्नान अनि पवित्र आत्माको नवीकरणद्वारा बचाउनुभयो, तितस ३:५

- उद्धार प्रभुको हो । भजनसंग्रह ३:८

**करार र अब्राहाम**

उत्पत्ती १५ पुरै अध्ययन गर्नुहोस्

पद १–५ परमप्रभुको अब्राहामसँगको **प्रतिज्ञाहरु**
पद ६ अनि अब्रामले परमप्रभुमाथि विश्वास८ गरे, र यो तीनको निम्ति धार्मिकता गनियो । (हिब्रू भाषामा “विश्वास”को अर्थ–आफु अरुको अगाडि सत्य, विश्वासयोग्य हुनको लागि गरिएको अयोग्य सर्मपण–अब्राहामको सर्मपण । यहि नै करारको लागि चाहिने आवश्यकता हो ।)

पद १० अब्रामले यी सबै उहाँकहाँ ल्याए, तिनीहरुलाई दुई टुक्रा गरी **काटे** अनि आधा भागलाई एक अर्काको विपरित दिशामा मिलाएर राखे; तर चराहरुलाई चाहिँ तीनले आधा गरी काटेनन् ।

जनावरहरुलाई काटेर रगतलाई चढाउनु नै **रगतको करार** हो, परमप्रभुको **अयोग्य सर्मपणता** चाहिँ अब्राहाममा उहाँको प्रतिज्ञाहरु पुरा गर्नु हो । मृत्युसम्मैको जीवनको सर्मपणता ।

उहाँको आफ्नै जीवनद्वारा प्रतिज्ञाहरु वा सपथहरु पुरा गर्ने सर्मपणता ! र उहाँले येशू ख्रीष्टको रगत बहाएर यो पुरा गर्नुभयो ।

उत्पत्ती १७ (१३ वर्ष पछि) **खतनाको करार**

पदहरु १–८ अब्रामको लागि प्रभुको प्रतिज्ञाहरु वा सपथहरु
पदहरु १०–११ तँ अनि **तँपछिका तेरा सन्तानहरु**सितको **मेरो करार** यही हो, अर्थात् **तिमीहरुले पालन** गर्नुपर्ने करार; तिमीहरुका प्रत्येक पुरुषको **खतना** (रगत बहाइएको) हुनुपर्छ । तिमीहरुका खतना हुनुपर्छ, अनि यो चाहिँ तँसित भएको मेरो **करारको चिन्ह** हुनेछ ।

- यो **मेरो करार** हो . . . **म** र **तँ** र तँ पछि आउने **सन्तानहरु** सित
  रोमी ४:१६ यसकारण, **प्रतिज्ञा** अनुग्रहअनुसार विश्वासबाट प्राप्त हुँदछ जसको कारण यो अब्राहामका **सबै सन्तानको** निम्ति **निश्चित बन्दछ**– व्यवस्था मान्नेलाई मात्र होइन तर अब्राहामजस्तै **विश्वास** गर्नेलाई पनि हो । अब्राहाम **हामी सबैका पिता** हुन् । ( गलाती ३:७,९,१४ हेर्नुहोस्)

- तिमीहरुका प्रत्येक पुरुषको **खतना** (रगत बहाइएको) हुनुपर्छ । तिमीहरुका खतना हुनुपर्छ, अनि यो चाहिँ तँसित भएको मेरो **करारको चिन्ह** हुनेछ ।

"***करारको चिन्ह***", यसद्वारा उनी पिता र "सनतत्ती" का जन्मदाता बने प्रतिज्ञा सबै सन्तानहरुको लागि निश्चित छ

- उनको बच्चाहरु (सन्तानहरु) परमप्रभुको हो ।
- बच्चा जन्माउनु “पवित्र” कार्य हो । विवाहको पहिलो कार्यमा पुरुष र स्त्रीले रगत बहाएका हुन्छन्, तसर्थ विवाहको करार सिध्याएको हुन्छ ।

हिब्रू १३:४ सबैले विवाहलाई **आदरणीय** ठानोस्, अनि ओछ्यान **नबिटुलिओस्**, किनकि परमेश्वरले व्यभिचारी र सबै दुराचारीहरूको इन्साफ गर्नुहुन्छ ।

- सबैले विवाहलाई **आदरणीय** ठानोस्, आदरणीय वा उच्च डिग्रीको विषेश” ।

- **परमेश्वरले इन्साफ गर्नुहुन्छ** किनकि यसले रगतको करारलाई भङ्ग गर्दछ ।

नयाँ नियममा, छालाको खतनालाई “हृदयको खतना”ले ठाउँ ओगटेको छ । (गलाती ६:१५, फिलिप्पी ३:३, कलस्सी २:११) ।

करारमा मोशाको अनुभव :

प्रस्थान ४:२१–२६ मोशाले उसको पहिलो सन्तानको खतना गरेको थिएन र उनी परमप्रभुको राजदूत बनेर फारोको अघि करारमा नबाधिएको मिश्रीहरुको सन्तानहरुको बारेमा बोल्न जादैँ थिए ।

पद २४ बाटोको एउटा बास बस्ने ठाउँमा परमप्रभुले मोशालाई भेटेर **मार्न आँट्नुभएको थियो** ।

- यसको मागहरुलाई पुरा नगरेकाले उनले करारलाई भङ्ग गरेका थिए ।
- यसले परमप्रभुको लागि करार **कतिको गम्भिर** छ भन्ने कुरा प्रष्ट पार्दछ ।

पद २५–२६ तर सिप्पोराले एउटा चकमकको चक्कु लिएर, आफ्नो छोराको खलडी  च्वाट्ट काटेर त्यसले मोशाको खुट्टा खुट्टा छोइदिइन् । तीनले भनिन्, "तपाई निश्चय मेरो निम्ति **रगत**को दुलाहा हुनुहुन्छ ।" २६ यसकारण परमप्रभुले तीनलाई छोडिदिनुभयो । (त्यसबेला तीनले खतनालाई दर्शाउदै "**रगत**को दुलहा" भनिन् ।)

सिप्पोरा मिद्यानि स्त्री थिइन् र उनको कार्यले एकदमै महत्वपूर्ण र करारको मागहरुलाई बुझनु र प्रशंसा गर्दैन ।

यो एक उदाहरण हो : १ कोरिन्थी ७:१४ किनकि विश्‍वास नगर्ने पति पत्नीद्वारा पवित्र तुल्याइएको (अगल पारिएको) हुन्छ, अनि विश्‍वास नगर्ने पत्नी उसको विश्‍वासी पतिद्वारा पवित्र पारिएकी (अगल पारिएको) हुन्छे । नत्रता तिनीहरूका बालबच्चाहरू अशुद्ध हुनेथिए, तर अब तिनीहरू पवित्र छन् । (अगल पारिएको–माथि उल्लेख गरिएको शब्द नै हो ।)

त्यो चाहिँ : दुवै विश्वास नगर्ने र जो उनीहरुबाट जन्मेको सन्तानहरु "अगल पारिएको", बचाइएको, विश्वास गर्ने जो प्रभुसँग "करारमा" रहेकोसगँ "वैबाहिक करारमा" रहेको कारण ।

नयाँ करार :

लूका २२:१९–२० त्यसपछि उहाँले **रोटी** लिनुभयो, धन्यवाद दिएर त्यो भाँच्नुभयो, र यसो भन्दै त्यो तिनीहरूलाई दिनुभयो, "यो तिमीहरूका निम्ति दिइएको मेरो शरीर हो; मेरो सम्झनामा यो गर्ने गर ।" त्यसै गरी खाइसकेपछि, उहाँले **कचौरा** लिनुभयो, र भन्नुभयो, "यो कचौरामा भएको **नयाँ करार मेरो रगतको निम्ति हो**, जो तिमीहरूका निम्ति बहाइन्छ ।

१ कोरिन्थी १०:१६–१७ त्यो धन्यवादको कचौरा जसको निम्ति हामी धन्यवाद चढाउँछौं, के त्यो **ख्रीष्टको रगतको सहभागिता होइन** ? अनि जुन **रोटी** हामी भाँच्छौं, के त्यो **ख्रीष्टको शरीरको सहभागिता होइन** ? (१७) रोटी एउटै भएकोले, हामी, जो धेरै छौं, **एउटै** शरीर हौं, किनकि हामी एउटै रोटीबाट खान्छौं ।

"पूर्वीय अभ्यास र बाइबलिय शिक्षामा **रोटी**को करार र **रगत**को करार चाहिँ दुई भिन्न करारहरु हुन् ।"

- रोटीको करारले **युद्धबिराम**ले ल्याउने **शान्ति**लाई सुनिश्चित गर्दछ ।
- रगतको करारले **स्थाई एकता, दुई एक बन्ने सम्बन्धलाई सुनिश्चित गर्दछ** ।

संज्ञात्मकरुपमा, एक जनाले **मित्रता** दिन्छ, अर्कोले **सम्बन्ध** दिन्छ ।

- **रोटीको करार**ले अतिथि सत्कारलाई प्रर्दशन गर्दछ र यसले एकजनालाई परिवारमा ल्याउदँछ वा जनजाति

संस्था जसले यसको ल्याएको हुन्छ ।
उत्पत्ती १४:१८–२० , १८:४–५, ४३:३२, प्रस्थान २९:३१–३४

- **रगतको करार** व्यक्तिगत र व्यक्ति व्यक्ति बिच हुन्छ , जीवनको लागि जीवन ।

रोटीको करार :

बाइबलको इतिहास र सेकुलरमा धेरै उदाहरणहरुमा, जब समुहहरु सहमतिमा आउदँछ, तब उनीहरु **सँगै बसेर खाना खादछन्** । यो खानाले उनीहरुको सहमति र मित्रतालाई पक्का बनाउदँछ ।

- उत्पत्ती ३१:५४ मा याकूब र लाबानले हामीलाई करारको खानाको उदाहरण दिदँछ जसले दुई विपरित समुहको बिच **शान्ति** ल्याउदँछ ।

**उदाहरणहरु :**

म यरुशलेमको पुरानो शहरको मुस्लिम पसले भएको पसलमा उसको पसलको रोटी मलाई धेरै मन पर्छ भनि भनिरहेको थिए । उसले आफ्नो छोरालाई रोटी किन्न पठायो र मलाई दियो । म धेरै नै धन्यबादि थिए र मैले उसलाई रोटी खानको लागि दिए

तर उ लिनलाई जिद्धि भएर इन्कार गर्‍यो । पछि मात्र मैले थाहा पाए कि कुनै रितीले पनि उसले रोटी भाँचि नास्तिकसँग शान्तिमा रहन करारलाई स्थापित गर्दैन ।

- डेरेक प्रिन्सले १९४८मा घटेको सत्य घटना बताउदँछन् जब इस्राएल देश स्तित्वमा आयो र इस्राएलको वरपर बस्ने मुस्लिमहरु र यहुदी मानिसहरु बिच लडाइँ छेड्यो ।

*(यो सत्य घटनालाई हामी "ओ, यरुशलेम" अध्याय २९. मा पाउन सक्छौं ।)*

यहुदी कुटीलाई यर्दन सैनिकी शक्तिले आक्रमण गरे, र किचि मिचि र पूर्णरुपमा नष्ट गरे । केही यहुदीहरुलाई कैदी बनाएर लग्यो । त्यस मध्ये एक जना एलिजा नाम गरेको जवान स्त्री पनि थिइन् । मुस्लिम सेनाहरुले उसलाई बलात्कार गर्न तयार गरिरहेको थियो । उनीहरुले उनको कपडा च्यातिरहेको बेलामा केहि अचम्मको घटना घट्यो । एक अरबी उच्च अधिकारी त्यस ठाउँमा आयो, उसले दुई जना सैनिकलाई गोलि हानि मार्‍यो, त्यसपछि उसले आफ्नो खल्तीबाट एक टुक्रा रोटी निकालेर यो यहुदी स्त्रीलाई दियो र भन्यो, "यसलाई खाऊ ।" जब उसले रोटी खाई, उसले भन्यो, *"अब तिमी मेरो सुरक्षामा छौं । तिमीलाई कसैले छुने छैन ।"*

**किन ?** त्यो स्त्रीले उसको रोटी खायो जसले उससँग देखिने करारको सम्बन्धमा स्थापित भयो । र युद्ध र वासनाको भावनामा पनि ति मुस्लिम सैनिकहरुले उनीहरुको अधिकारी र त्यो जवान स्त्री बिचको करारको सम्बन्धलाई आदर गरे ।

एक चोटी सैनिकको उच्च अधिकारी र त्यो स्त्रीले **रोटीलाई तोडे पछि**, उनीहरु सबैले त्यो पवित्र करारको चिन्हलाई मान्नै पर्छ :

- त्यो स्त्रीलाई हानि नगर्न वा दुव्र्यवहार नगर्न
- तर उसलाई सुरक्षा दिन र नयाँ सम्बन्धलाई आदर गर्न

जब दुई रगतको करारमा प्रवेश गर्छन्

१. उनीहरु एक बन्छन् : एक रगत / एक जीवन ।

यूहन्ना १७:२० "तिनीहरूका निम्ति मात्र म प्रार्थना गर्दिनँ । तर तिनीहरूका साक्षीद्वारा पछि मलाई विश्वास गर्नेहरू सबैका लागि पनि म प्रार्थना गर्छु । (२१) हे पिता, जस्तो **म तपाईंमा छु** र **तपाईं ममा** हुन हुन्छ, त्यसरी तिनीहरू पनि हामीमा **एक होऊन्** । तिनीहरू पनि हामीमा रहन सकून् ताकि तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस् ।"

फिलिप्पी १:२१ किनकि मेरो निम्ति जिउनु ख्रीष्ट हो, अनि मर्नु लाभ हो । त्यो चाहिँ : दुई एक हुन् ।

२. विश्वासयोग्य, इमान्दार, राख्नु र उनीहरुको वचन/शपथलाई राख्नु

हिब्रू १३:५ "म तिमीहरूलाई कहिल्यै छोडनेछैनँ; म तिमीहरूलाई कहिल्यै त्याग्नेछैनँ।"

३. उनीहरु अर्काको लागि जीउछन् र अर्काको लागि मर्छन् । यशैया ५३

रोमी ५:८ जसले आफ्ना पुत्रलाई त बाँकी राख्नुभएन, तर हाम्रो निम्ति सब दिइहाल्नुभयो, तब उहाँले आफ्नो पुत्रसहित उदारसँग सब थोक किन दिनुहुन्न र ? ख्रीष्ट हाम्रो लागि मर्नुभयो ।

४. एक जनाको आवश्यकताहरु दुवैको आवश्यकताहरु ।

रोमी ८:३२ जसले आफ्ना पुत्रलाई त बाँकी राख्नुभएन, तर **हाम्रो निम्ति** सब दिइहाल्नुभयो, तब उहाँले आफ्नो पुत्रसहित **उदारसँग सब थोक किन दिनुहन्न र** ?

५. एक जनाको जे जे छ त्यो अर्कोको पनि हुन्छ

रोमी ८:१७ यदि हामी सन्तान हांै भनेता, **उत्तराधिकारी** पनि हौं– परमेश्वरका उत्तराधिकारी उहाँको दुःखमा हामी पनि सहभागी भयौं भने उहाँको महिमामा पनि सहभागी भई हामी ख्रीष्टसँग उत्तराधिकारी बन्छौं ।

- उहाँ पापरहित बन्नुभयो, हामी धर्मी बनौं (रोमी ३:२२; २ कोरिन्थी ५:२१)

६. एक जनाको शत्रु अर्कोको पनि शत्रु ।

विवाह चाहिँ रगतको करार हो मलाकी २:१३–१७

तिमीहरू अर्को एक काम गर्छौ: परमप्रभुका वेदी आफ्ना आशुले भिजाइदिन्छौ । तिमीहरू रुन्छौ र विलाप गर्छौ, किनकि **तिम्रा भेटीतिर उहाँले कहिल्यै ध्यानै दिनुहुन्न, नता** ती भेटी तिम्रा हातबाट उहाँले खुशीसित **ग्रहण** नै गर्नु हुनेछ । (१४) तिमी सोध्दछौ, "**किन**?" किनकि **परमप्रभु** तिमी र तिम्री जवानीपनकी स्वास्नीबीच **साक्षी हुनुहुन्छ**, किनकि आफ्नी स्वास्नीलाई **तिमीले धोका दिएका छौ**, यद्यपि तिनी जीवन साथी र **एक करार**मा बाँधिएकी स्वास्नी हुन् । (१५) के परमप्रभुले ती दुईलाई एक बनाउनुभएको होइन र ? तिनीहरूका शरीर र आत्मामा ती दुई उहाँकै हुन् । अनि किन एउटै ? किनकि उहाँले एक पवित्र सन्तानको चाहना गर्नुहुन्थ्यो । यर्सथ, आफ्नो आत्मामा आफू सचेत रहो र आफ्नो **जवानीपनकी स्वास्नीसित धोकेबाजी नगर** । (१६) "सम्बन्ध-विच्छेदलाई म घृणा गर्दछु ," परमप्रभु इस्राएलका परमेश्‍वर भन्नुहुन्छ, "अनि मानिस आफैलाई आफ्नो वस्त्रले झैँ अत्याचारले ढाक्ने कामलाई पनि म घृणा गर्दछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । यसैले आफ्नो आत्मामा सचेत रहो र **विश्‍वासघात नगर** । (१७) आफ्ना कुराले तिमीले परमप्रभुलाई दिक्क बनाइ सक्यौ । "कसरी हामीले दिक्क बनायौँ ?" भनी तिमीहरू सोध्दछौ । यसो भनेर "दुष्कर्म गर्नेहरू पनि परमप्रभुका दृष्टिमा असल छन् र उहाँ तिनीसित प्रसन्न हुनुहुन्छ" अथवा "न्याय गर्ने परमेश्‍वर कहाँ हुनुहुन्छ ?"

→ परमप्रभुले स्त्रीलाई यस्तो किसिमले बनाउनुभएको छ कि विवाहको पहिलो कार्यमा (हयाइमन मेमब्रेन) च्यातिन्छ र रगत बहन्छ, तसर्थ करारको स्थापना हुन्छ ।

**व्यवस्था २२:१३–२१** आजको दिनसम्म, पुर्विय देशहरुमा, रगतको दागलाई प्रर्दशन गर्नु चाहिँ सामान्य विवाहत्तोर सम्भोग गरेको प्रमाण हो र त्यहिँ देखि शुद्ध हुन्छ ।

उत्पत्ती २:२४ *यसैकारण मानिसले आफ्ना आमाबाबुलाई छोड्छ र आफ्नी स्वास्नीसँग मिलिरहन्छ, र तिनीहरु **एउटै शरीर** हुन्छन् ।*

**एउटै शरीर** चाहिँ करारको भाषा हो जहाँ "दुई एक बन्न" ।

मत्ती १९:५–६ अनि भन्नुभयो, यसैकारण मानिसले आफ्ना बाबु र आमालाई छोड्नेछ अनि आफ्नी पत्नीसित एक भई रहन्छ, अनि ती दुई **एकै शरीर** हुनेछन्? (६) यसकारण अब तिनीहरू दुई होइनन्, तर एक हुन् । यसकारण जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई मानिसले नछुट्याओस् ।"

- मत्ती ५:३२ तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई वैवाहिक विश्वासघात बाहेक अरू कारणले त्याग्छ, त्यसले उसलाई व्यभिचारिणी बनाउँछ, अनि जसले त्यागिएकी त्यस स्त्रीलाई विवाह गर्छ, उसले पनि व्यभिचार गर्छ ।
    - यसले विवाहको करारलाई दिर्घायुको घोषण गर्दछ ।
    - पू. नि.मा व्यभिचारलाई "अपोष्टटाइज"को अर्थ – सर्मपणलाई तोड्नु हो ।
    - लेवी २०:१०–२१ व्यभिचारमा **रगतको दोष** हुन्छ र :
      "निश्चित नै मार्नु, उनीहरुको रगतकोदोष उनीहरुमा नै परोस् ।"

- **यदि करार भङ्ग गऱ्यौ भने के हुन्छ ?** उदाहरण : दाउद र बतशेबा

२ शामूएल १२:१३–१५ तब दाऊदले नातानलाई भने, "मैले परमप्रभुको विरुद्धमा **पाप गरेको छु** ।" नातानले जवाफ दिए, "परमप्रभुले तपाईंको पाप लैजानुभयो । तपाईं मर्नुहुनेछैन ।" तर तपाईंले यसो गर्नुभएर तपाईंले परमप्रभुका शत्रुहरूलाई उपेक्षा देखाउन दिनुभएकोले तपाईंबाट जन्मने छोराचाहिँ मर्नेछ । नातान घर गइसकेपछि उरियाहकी स्वास्नीले दाऊदको निम्ति जन्माइदिएको छोरालाई परमेश्वरले प्रहार गर्नुभयो र त्यो बिरामी भयो ।

१ यूहन्ना १:९ **यदि हामीले** आफ्ना पापहरू **स्वीकार गऱ्यौं** भने, पापहरू **क्षमा गरिदिन उहाँ विश्वासयोग्य** र धर्मी **हुनुहुन्छ** अनि **हामीलाई सबै अधर्मबाट शुद्ध पार्नुहुन्छ** ।

**रगतको करारको कारण**, जसले "म तिम्रो लागि जीउनेछु र म तिम्रो लागि मर्नेछु" (विवाहको करारको जस्तै)

**हाम्रो लागि येशू मर्नुभयो ! उहाँले हाम्रो स्थान लिनुभयो !**

- तर परमप्रभुले हामी प्रतिको उहाँको प्रेमलाई देखाउनुभएको छ, हामी पापी छदाँ नै, **ख्रीष्ट हाम्रो लागि मर्नुभयो** ।
  - **किन ?** किन येशूले पापीहरुको लागि मर्नलाई इच्छा गर्नुभयो ?
  - हामी उहाँसँग करारमा थिएनौं, हो र? **हो, हामी थियौं !** अब्राहाम र **उनका सन्तान**सँग गर्नु भएको करारको कारण ।
    (रोमी ४:९–१८)
  - गलाती ४:२८ अब हे भाइ हो, इसहाकजस्तै हामी पनि **प्रतिज्ञाका सन्तान हौं** ।
  - प्रस्थानमा, अब्राहामको करारको **कारण**ले निस्तार भेडांको रगत । अब्राहामको करारको **कारण**, परमेश्वरको भेडांको रगत जस्तै । प्रस्थान २:२४

रोमी ५:८(१० तर परमेश्वरले आफनो प्रेम हामीप्रति यसरी दर्शाउनुहुन्छः हामी पापी छदै, ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो । ९अब उहाको रगतद्वारा धर्मी ठहराइएकाले, हामी परमेश्वरको क्रोधदेखि कति बढ्ता
बच्नसक्छौं १०जब हामी परमेश्वरका शत्रुनै थियौं, उहाको पुत्रको मृत्युद्वारा हामी उहामा मिलापमा आयौं, त अब मिलाप भइसकेपछि हामीले उहाको जीवनमार्फत अझ बढी निश्चितता साथ उद्धार पाउने आशामा ढुक्क भएका छौं ।

- o रगतको करार–**दुई एक भएका छन्**–तपाई अर्काको लागि **जिउनुहुन्छ** र तपाई अर्काको लागि **मर्नुहुन्छ** !

- ❖ २ कोरिन्थी ५:२१ हामी ख्रीष्टमा परमेश्वरका धार्मिकता बनौं भनी पापै नगर्नु भएकालाई हाम्रो खातिर पाप बनाउनुभयो ।

- ❖ रोमी ४:७ “धन्य हुन् तिनीहरू जसका पाप क्षमा भएका छन्, जसका पाप धोइएका छन् ।"

- ❖ कलस्सी २:१३ जब तिमीहरू पापमा अनि आफ्ना पापी स्वभावको बेखतनामा मरेका थियौ, परमेश्वरले तिमीहरूलाई ख्रीष्टसित जीवित तुल्याउनुभयो । उहाँले हाम्रा सबै पापहरूलाई क्षमा गरिदिनुभयो ।

हाल्लेलूयाह ! परमप्रभुको प्रशंसा ! धन्यबाद येशू !

- पहिलो श्रीमान् र श्रीमतीको प्ररुप वर्गीकरण

उत्पत्ती २:२१ यसकारण, परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो; अनि जब तिनी सुतिरहेका थिए, **उहाँले मानिसका करङ्ग**बाट एउटी स्त्री बनाउनुभयो अनि तीनलाई मानिसकहाँ ल्याउनुभयो ।

हव्बा आदम भित्र थिइन् र उबाट बाहिर आइन् । यसो गर्नाले, उसको दुलही प्राप्त गर्नको लागि र उनीलाई जीवन दिन उसको करङ्ग निकाल्दा उसको रगत बहाएर आदम बलिदान बने । रगतको करार । उनीहरु एक थिए : मानिसले भने, “अब यो मेरा हाडहरुका हाड अनि मेरा मासुका मासु हो; तीनलाई ‘स्त्री’ भनिनेछ, किनकि तिनी मानिसबाट निकालिएकी हुन् ।” उत्पत्ती २:२३

यस्तै तरिकामा, येशूको दुलही उहाँबाट आएको हो :

१ यूहन्ना ४:६ **हामी त परमेश्वरका हौं**, र जसले परमेश्वरलाई चिन्छ, उसले हाम्रा कुरा सुन्छ तर जो **परमेश्वरको होइन**, त्यसले हाम्रा कुरा सुन्दैन । यसैबाट नै हामी सत्यको आत्मा र भूmटको आत्मालाई चिन्छौं ।

एफिसी १:४ उहाँले हामीलाई संसारको सृष्टिभन्दा अघिबाटै उहाँमा चुन्नुभयो ।

यर्मिया १:५ "मैले तँलाई गर्भमा रच्नुभन्दा पहिले नै मैले तँलाई चिनिसकेको थिए,, तँ जन्मनुभन्दा पहिले नै मैले तँलाई अलग गरें मैले तँलाई जातिहरूको निम्ति अगमवक्ता हुन नियुक्त गरें ।"

यूहन्ना ३:३ जवाफमा येशूले घोषणा गर्नुभयो, "म तिमीलाई साँचो भन्दछु, कोही **नयाँ गरी जन्मेन** भने (ग्रीकको अनुवाद) त्यसले परमेश्वरको राज्य देख्न सक्दैन ।"

गलाती ४:२६ तर **माथिको** यरूशलेम स्वतन्त्र छ, जो **हाम्री आमा** हुन् । (२८) **अब हे भाइ हो, इसहाकजस्तै हामी पनि प्रतिज्ञाका सन्तान हौं** । इसाहाकको प्राकृतिक जन्म चाहिँ परमप्रभुबाट अभिषेक र प्रतिज्ञा गरिएको थियो ।

तर पछि, आदमको दुलहीले पाप गरिन् र आदमले उनलाई इन्कार गर्न रोजेन–उनी उबाटको थियो – उनीहरु एक थिए – र उनीसँग नै मर्नको लागि । "जब स्त्रीले त्यस रुखको फल खानलाई असल अनि हेर्नमा रहरलाग्दो, अनि बुद्धि प्राप्त गर्नलाई चाहिने देखिन्, तीनले केही फल टिपेर खाइन् । तीनले आफ्नो लोग्नेलाई पनि केही दिइन्, जो तिनीसँगै थिए, अनि तीनले पनि खाए ।"

( उत्पत्ती ३:६)

- उनको उनीसँगको मृत्यु पनि उनीको लागि र उनीको मुक्तिको लागि

जसरी येशूले उहाँको दुलहीलाई भन्नुभयो :

**"म तिमीहरूलाई कहिल्यै त्याग्नेछैन ।"** हिब्रू १३:५

- उनको दुलहीसँग उनको मृत्यु र उनको दुलहीको लागि चाहिँ उनी (हाम्रो) को मुक्ति बन्यो ।

यसरी नै म, मानव– पुत्र सेवा पाउनलाई होइन, तर सेवा गर्न, अनि **धेरैको छुटकाराको मोलस्वरूप आफ्नो प्राण दिन** आएको हुँ ।” मत्ती २०:२८

दिनहु आदम र हव्बाले उनीहरुको अनाज्ञाकारिताको नतिजाहरु दुःखलाई भोगे र अन्त्यमा पापको ज्यादा शारिरीक मृत्युलाई पाए (रोमी ६:२३)। “तेरो कारण भूमि श्रापित भएको छ; तेरो जीवनकालभरि तैंले कष्टदायक परिश्रम गरेर त्यसबाट खानेछस् । त्यसले तेरो निम्ति काँढा र सिउँडी उमार्नेछ, अनि तैले जमिनका फर्किजाँदैननस्, तेरो निधारको परिनाद्वारा तैले आफ्नो भोजन खानेछस्, किनकि तँ माटो होस् अनि तँ माटैमा फर्किजानेछस्, किनकि यसैबाट तँ निकालिएको थिइस् ।” उत्पत्ती ३:१७–१९

उहाँको वचन/हाम्रो कार्यहरु बावजुत उहाँको करार प्रति परमप्रभु विश्वासयोग्य हुनुहुन्छ । र हामी पनि हाम्रो प्रतिज्ञाहरु प्रति हुनुपर्दछ ।

भजनसंग्रह ८९:३१–३४ यदि तिनीहरूले मेरा विधिहरू भ्रध गरे भने, र मेरा आफ्ना पालन गरेनन् भने, म तिनीहरूका पापको दण्ड लहुरोले र तिनीहरूका अधर्मको सजाय कोर्राले दिनेछु तर म मेरो प्रेम दाऊदबाट हटाउनेछैन, नता मेरो विश्वस्तताको कहिल्यै धोकाबाजी गर्नेछु । **म मेरो करार भङ्ग गर्नेछैन, र मेरा मुखबाट निस्केका वचन बदल्नेछैन ।**

तापनि, आदम र हव्बा परमप्रभुका हुन् र उहाँद्वारा नै अस्तित्वमा आएका हुन्, उनले अर्कोको जीवन दिए–**रगत** बहाएर–उनीहरुको ढकाबलाई सुरक्षित दिनु वा अनन्त जीवनको बलि दिन । परमप्रभु परमेश्वरले आदम र तीनकी पत्नीको निम्ति छालाको लुगा बनाएर लगाइदिनुभयो (उत्पत्ती ३:२१)। बलिदानको लागि तैयार गरेको जनावर मर्नु नै पर्दथ्यो, रगत बहाइएको थियो ।

यो प्रकार यस्तो हो, अगाडिको छायाँ, हामीलाई अनन्त जीवन दिनको लागि हाम्रो पापहरु क्षमाको लगि हाम्रो पक्षमा परमेश्वरको भेडा दिनलाई परमेश्वर तर्फ हेर्नु । हामी ख्रीष्टमा परमेश्वरका धार्मिकता बनौं भनी पापै नगर्नु भएकालाई हाम्रो खातिर पाप बनाउनुभयो । २ कोरिन्थी ५:२१

यस्तो तरिकामा, येशू, "अन्तिम आदम," चाहिँ उहाँको पापमा खसेको दुलहीलाई आफ्नो **रगत** बहाइ जीवन दिनको लागि बलिदान थिए । यूहन्ना १९:३४ तैपनि, एक जना सिपाहीले चाहिँ भालाले उहाँको कोखामा घोच्यो र त्यहाँबाट रगत र पानी बगिनिस्क्यो ।

एफिसी ५:२५–३३ पति हो, **आफ्ना पत्नीहरूलाई प्रेम गर, जसरी ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो अनि मण्डलीको निम्ति आफूलाई अर्पित गर्नुभयो**, (२६) यस हेतुले कि वचनको पानीद्वारा उहाँले त्यसलाई धोएर र सफा गरेर पवित्र पार्न सकून्, (२७) अनि उहाँले नै कुनै दाग वा चाउरी नपरेको एउटा प्रतापी मण्डली उहाँ आफ्नै निम्ति प्रस्तुत गर्न सकून् र त्यो मण्डलीचाहिँ पवित्र र निष्खोट होस् । (२८) यसै प्रकारले, पतिहरूले आफ्ना पत्नीहरूलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ । **जसले आफ्नो पत्नीलाई प्रेम गर्छ, त्यसले आफैलाई प्रेम गर्दछ** ।

(किनभने : **दुई जना एक हुन्** । हरेक पुरुष र स्त्री विवाहको पहिलो घनिष्ट कार्यद्वारा एक अर्का रगतको करारमा प्रवेश गर्छन् जब ह्याइमन मेमब्रेन च्यातिन्छ र रगत बहाइन्छ, करारको स्थापना भएको ।

(२९) कुनै पनि हालतमा, कसैले **आफ्नो शरीरलाई** घृणा गर्दैन , तर उसले यसको वास्ता र पालनपोषण गर्दछ, जसरी ख्रीष्टले मण्डलीलाई गर्नुभयो, (३०) किनकि हामी उहाँका देहका अङ्गहरू हौं । (३१) "यसैकारण मानिसले आफ्ना आमा र बाबुलाई छोडेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती **दुई एउटै शरीर बन्दछन्** ।" (३२) यो एक अति गहन रहस्य हो, तर मैले त ख्रीष्ट र उहाँको मण्डलीबारे कुरा गरिरहेको छु । (३३) तरै पनि, तिमी हरेकले आफ्नो पत्नीलाई, आफैलाई जस्तै गरी प्रेम गर्नुपर्छ, र पत्नीले आफ्ना पतिको आदर गरोस् ।

- जब परिक्षा आउदँछ, **करारको पुरुष–भाग्छ !**

**उत्पत्ती ३९:७** अनि केही समयपछि तिनका मालिककी पत्नीले तिनीमाथि नजर लगाइन् र "मसित ओछ्यानमा आऊ," भनिन् । (८)तर **तिनले अस्वीकार गरे** । तीनले भने, "म जिम्मामा रहेकोले मेरा मालिकले घरका कुनै कुराको पनि चिन्ता गर्नुहुन्न । उहाँसित भएका सबै कुराको उहाँले मेरै देखरेखमा राखिदिनुभएको छ ।" (९) यस घरमा मभन्दा ठूलो भरु कोही छैनन् । तपाई उहाँकी पत्नी हुनुभएकोले, मेरा मालिकले तपाईबाहेक अरु कुनै कुरा पनि मदेखि अलग राख्नुभएको छैन । त्यसोभए कसरी म **यस्तो दुष्ट काम** गरेर परमेश्वरको विरुद्धमा पाप गर्नू ?" (१२) तिनले यूसुफलाई लुगामा समातेर भनिन्, "मसित ओछ्यानमा आऊ ।" तर तिनले आफ्नो लुगा उनको हातमा छाडेर **घरदेखि बाहिर भागे** ।

**हिब्रू १३:४** सबैले विवाहलाई आदरणीय ठानोस्, अनि ओछ्यान नबिटुलिओस्, किनकि परमेश्वरले व्यभिचारी र सबै दुराचारीहरूको इन्साफ गर्नुहुन्छ ।

**मत्ती ५:२७–२८** "तिमीहरूले व्यभिचार नगर्नू भनेको सुनेका छौ । (२८) तर म तिमीहरूलाई भन्दछु, जसले **कुनै स्त्रीलाई कुदृष्टि** लगाउँछ, उसले आफ्नो हृदयमा त्यससित व्यभिचार गरिसकेको हुनेछ ।

- **तृष्णा हामीमा छ । तर यो कार्यमा परिणत हुनुहुदैन ।**
- **अरु कुनैलाई पनि नोक्सान,नष्ट र बदनाम गर्नुहुदैन ।**
- **तृष्णा हामीमा छ, तर यसले हामीलाई कहिल्यै नियन्त्रण गर्नुहुदैन ।**

❖ प्रगति यहाँ छ :

**याकुब १:१४–१६** (१४) तर हरेक व्यक्ति आफ्नै **कुविचारहरूद्वारा खिचिएर परीक्षामा पर्दछ** । (१५)त्यसपछि **तृष्णा** गर्भवती भएर **पाप**लाई जन्माउँछ, र पाप पूरा बढेपछि **मृत्यु**लाई जन्माउँछ । (१६) त्यसैले मेरा प्यारा भाइ हो, धोकामा नपर ।

**१ यूहन्ना २:१६** किनकि संसारमा भएका सबै थोक – पापपूर्ण मानिसको **अभिलाषा**, उसको आँखाको **अभिलाषा** र ऊसँग भएका र उसले गरेका कुराहरूको शेखी– पिताबाट आएका **होइनन्**, तर संसारबाट **आएका हुन्** ।

१ पत्रुस २:११ मित्रहरू हो, संसारमा विदेशी र प्रवासीको रूपमा, तिमीहरूका **पापमय इच्छादेखि, जसले तिमीहरूको आत्माका विरुद्ध लडांइँ गर्छ, त्यसदेखि अलग बस भनी म निवेदन गर्दछु** ।

तपाई सम्पूर्ण रितीले भाग्नुपर्दछ, यसबाट टाढा रहनुहोस् :

अस्लीन चित्रहरु वा केही आकृति वा नाङ्गो तस्विरहरु ।

यो विनासकारी हो, दुष्ट शत्रु ।

१ कोरिन्थी ६:१२–२०

(१२) "मेरो लागि सबै कुरा न्यायसङ्गत छन्" – तर सबै कुरा लाभदायक छैनन् । "मेरो लागि सबै कुरा न्यायसङ्गत छन्"– तर **मलाई कुनै कुरो पनि कमारो बनाउने छैन** । (१३) "पेटको लागि भोजन अनि भोजनको लागि पेट"– तर परमेश्वरले दुवैलाई नष्ट गर्नुहुनेछ । **शरीरचाहिँ अनैतिक यौन सम्बन्धको लागि होइन, तर परमेश्वरको लागि हो**, अनि प्रभुचाहिँ शरीरको लागि । (१४) परमेश्वरले आफ्नो शक्तिद्वारा प्रभु येशूलाई मरेकोबाट जीवित पार्नुभयो, अनि उहाँले हामीलाई पनि जीवित पार्नुहुनेछ । (१५) **तिमीहरूका शरीर** (करार) **ख्रीष्ट स्वयम्का अङ्गहरू हुन्** भन्ने के तिमीहरूलाई थाहा छैन ? त्यसो भए के म ख्रीष्टका अङ्गहरू लिएर **वेश्याहरूसित जोडिदिऊँ** ? (विवाहको करारलाई तोडेर) कदापि होइन । (१६) जसले आफैलाई एउटी वेश्यासित जोड्छ, ऊ आफै पनि **उसको शरीरमा एक हुन्छ** भन्ने के तिमीहरूलाई थाहा छैन ? किनकि यसो लेखिएको छ, "यी दुई एकै शरीर हुनेछन् ।" (१७) तर जसले आफैलाई प्रभुसित जोड्छ त्यो **उहाँसित आत्मामा एक** भएको हुन्छ । (१८) **अनैतिक यौन सम्बन्धबाट अलग बस** । अरू सबै पापहरू मानिसले आफ्नो शरीरबाहिर गर्छ, तर जसले यौन विषयमा पाप गर्छ, त्यसले आफ्नै शरीरको विरुद्धमा पाप गर्छ । (१९) तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो भनी के तिमीहरूलाई

थाहा छैन, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पायौ, अनि जो तिमीहरूभित्र हुनुहुन्छ ? तिमीहरू आफै त आफ्नै होइनौ (२०) तिमीहरू दाम तिररे किनिएका हौ । यसकारण, आफ्ना शरीरद्वारा परमेश्वरको आदर गर ।

दाउदले आफ्नो पाठ सिके !

भजनसंग्रह १०१:३ मेरा आँखाको सामुन्ने म **कुनै नीच कुरा राख्नेछैन**, पथ भ्रष्ट भएकाहरूका कामलाई म नेणा गर्छु तिनीहरू मसित टाँसिनेछैनन् । NIV

भजनसंग्रह १०१:३ म कुनै नीच कुरा **हेर्न अस्वीकार गर्नेछु**, पथ भ्रष्ट भएकाहरूका कामलाई म घृणा गर्छु; तिनीहरू मसित टाँसिनेछैनन् । NLT

हितोपदेश ३:७ आफ्नै दृष्टिमा बुद्धिमान् नबन्, परमेश्वरको भय मान् र **दुष्कर्मलाई त्याग्** ।

१ थेसलोनिकी ५:२२ **अनि हरेक किसिमका खराबीबाट अलग बस ।**

२ तिमोथी २:२२ **यसकारण जवानीका अभिलाषाहरु त्याग**, र शुद्ध हृदयले प्रभुको नाउँ लिनेहरुका साथसाथै धार्मिकता, विश्वास, प्रेम र शान्तिको लक्ष्य राख ।

भजनसंग्रह १५:१–४ (१) हे परमप्रभु, तपाईंको पवित्रस्थानमा कसले वास गर्न पाउनेछ ? तपाईंको पवित्र पर्वतमा को बस्न पाउनेछ ? (२) त्यो मानिस, जसको चाल **निर्दोष** छ, जसले **धर्मकर्म** गर्छ, जसले हृदयबाट **सत्य बोल्छ**, (३) जसले आफ्नो जिब्रोले अरूको निन्दा गर्दैन, जसले आफ्ना छिमेकीको खराबी गर्दैन, र आफ्नो साथी–भाइको अपवाद फैलाउँदैन । (४) जसले नीच मानिसलाई तुच्छ ठान्दछ, तर परमप्रभुको भय मान्नेहरूलाई आदर गर्दछ, जसले आफ्नो हानि हुँदा पनि, **आफूले प्रतिज्ञा गरेको कुरा बद्लदैन**, NASU (न्यायकर्ता ११:३५)

**नैतिक गुण**–जब हामी परमेश्वरको वचनलाई पालना गर्छौं नैतिक श्रेण्टता र आत्माको शुद्धता मेरो जीवनमा किरणहरु फैलिन्छ ।

यसैको लागि नै, आफ्नो विश्वासमा **सद्गुण** र सद्गुणमा ज्ञान; २ पत्रुस १:५

करारको सम्बन्ध जिइएको

१ शामूएल १८:१–८

❖ जोनाथनको आत्मा दाउदको आत्मासँग “**जोडिएको**” थियो । (पद १)
नेहम्याह ४:६मा प्रयोग गरिएको शब्द चाहिँ ‘जोडिएको’ जस्तै हो शत्रु छिर्न नसक्नको लागि कुनै पनि खालि **ठाउँ** नराखि पर्खाल बनाउनु हो ।

- एफिसी ४:२७ अनि शैतानलाई कुनै मौका नदेओ ।
- करारमा दुवै एक हुन् ।

कतिको ज्यादा हाम्रो हृदय हाम्रो श्रीमतीसँग बाधिँनुपर्दछ जससँग हामी “विषेश” रगतको करारमा हुन्छौं ?

- तपाई कतिको राम्रोसँग आफ्नो श्रीमतीसँग बाधिँनुभएकोछ ।
- के तपाई सिक्रिमा कमजोर जोर्नु हुनुहुन्छ ?

❖ यसले भन्दछ कि जोनाथनले दाउदलाई आफुलाई झैं प्रेम गर्‍यो । (१ र ३ पदहरु)

- यसै प्रकारले, पतिहरूले आफ्ना पत्नीहरूलाई आफ्नै शरीरलाई झैं प्रेम गर्नुपर्छ । **जसले आफ्नो पत्नीलाई प्रेम गर्छ, त्यसले आफैलाई प्रेम गर्दछ** । (२९) कुनै पनि हालतमा, कसैले आफ्नो शरीरलाई घृणा गर्दैन , तर उसले यसको वास्ता र पालनपोषण गर्दछ, जसरी ख्रीष्टले मण्डलीलाई गर्नुभयो, एफिसी ५:२८–२९

- यूहन्ना १३:३४ “म तिमीहरूलाई एउटा नयाँ आज्ञा दिदैछु : एक अर्कालाई प्रेम गर । मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले पनि एक अर्कालाई त्यसरी नै प्रेम गर्नुपर्छ ।

  (यूहन्ना १३:३४; १५:१२; १५:१७; रोमी १३:८; १ थेसलोनिक ४:९; १ पत्रुस १:२२; १ यूहन्ना ३:११; ३:२३; ४:७; ४:११; ४:१२; २ यूहन्ना ५)

- प्रेम भावनात्मक मात्र होइन । पहिलो र महत्वपूर्ण चाहिँ प्रेम सर्मपण हो ।

**इमान्दारीपन**– परमेश्वरले जसको सेवा गर्न मलाई बोलाउनुभएको छ अनेकताहरुलाई प्रयोग गरि मेरो सर्मपणतालाई निश्चित गर्नुपर्दछ । **आफ्नो** जीवन **आफ्ना** मित्रहरूका लागि दिनुभन्दा ठूलो प्रेम कसैको हुँदैन । यूहन्ना १५:१३ KJV

- आफैलाई नाप्नुहोस् : के अनेकताले तपाईको सर्मपणतालाई निश्चित गर्दछ वा तपाईको सर्मपणताको कमजोरीले / तपाईको कराररले ?

- प्रेमले दिदँछ – तृष्णाले लिदँछ ! साँचो प्रेमले करारको सर्मपणमा डोऱ्याउदँछ ।

❖ ख्रीष्टको शरिरमा कुनै पनि भ्रम, ईर्ष्या, शंका, इत्यादिमा रित्तो स्थान हुनुहुदैन । जहाँबाट शत्रु आउन सक्छ र विभाजन ल्याउनसक्छ ।

  - जसमा शैतानले हामीलाई परास्त गर्न नपाओस् । २ कोरिन्थी २:११

❖ इस्रायलमा नै जोनाथन एक यस्तो व्यक्ति हुनुपर्ने थियो जसले दाउद प्रति ईर्ष्या हुनुपर्दथ्यो, किनकि उनी नै उनको लागि बुबाको सिंहासनमा बस्नको लागि त्रास हुने थियो । जोनाथन एक पुरुष थिए ! परमेश्वरको मानिस !

- कुन क्षेत्र, वा क्षेत्रहरु, तपाईको जीवनमा ईर्ष्याले प्रवेस गर्दछ ?

- याकुब ३:१६ किनकि जहाँ तिमीहरूमा **ईर्ष्या** र **स्वार्थपूर्ण** अभिलाषा छन्, त्यहाँ **गडबडी** र सबै किसिमका **दुष्ट** कामहरू पाइन्छन् ।

- फिलिप्पी २:३ **स्वार्थी आकाङ्क्षा र व्यर्थको अहङ्कारमा केही नगर**, तर नम्रतामा एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान ।

१ शमूएल १८:४ जोनाथनले **आफू**ले लगाएको **लबेदा फुकालेर** त्यसलाई आफ्नो **जङ्गी–पोशाक** र आफ्नो **तरवार**, आफ्नो **धनु** अनि **पेटी**समेत **दाऊदलाई दिए** ।

❖ जोनाथनले भन्दैथिए :
  - “म तिमीलाई म भन्दा ज्यादा महत्वको ठान्नेछु”
  - “म तिमीलाई सफल बनाउन जीउनेछु ।”
  - “मेरो जे छन् तपाई कै हुन् ।”
  - “म तिमीसँग उभिनेछु र तिमीसँगै र तिम्रो लागि लडाई गर्नेछु ।”
  - करारमा तपाई एक अर्काको लागि अन्र्तबिन्ति गर्नुहुन्छ (१ शमूएल १९:१–६) र
  - जब एक जना लड्छ अर्कोले उठ्न सहायता गर्नु (गलाती ६:१–२)

❖ करारको चिन्हको रुपमा, जोनाथनले **राजकिय पोशाकलाई उतारे** र दाउदलाई लगाई दिए (पद ४)। यसले जोनाथनको **आफ्नो स्थान भन्दा तल आउने** इच्छाको चिन्ह हो – इस्रायलको हुनेवाला राजा – र त्यो स्थानलाई दाउदलाई दिए । र उ चाहिँ सेवक  बन्ने इच्छा !

  - करारमा हामी एक अर्कालाई सफलता प्राप्त गर्न सक्दो सहायता गर्दछौं ।

  - रोमी १२:१० भ्रातृभावमा एक अर्कासगँ प्रेम गर; आदर गर्नमा आफू अरूभन्दा ज्यादा उत्साही बन ।

  - हामी चाहिँ आफ्नो लागि मर्नु पर्दछ, ताकि हामी इमान्दारीता र साँचोपनमा हाम्रो श्रीमतीहरु र हाम्रा दाजुभाईहरु चाहिँ हामी भन्दा महान्

र माथिल्लो स्थानमा र हामी भन्दा ज्यादा मानिएको होस् । यस्तो होस् भनि हामी काम/सेवा गर्नु पर्दछ ।

- श्रीमान्हरुले श्रीमतीहरुलाई सेवा र आदर गरेर अगुवाई गर्नुपर्दछ । मत्ती २३:११ तिमीहरूमध्ये जो सबैभन्दा ठूलो छ ऊ सेवक हुनेछ ।

भर पर्नु– मैले गर्छु भनि सम्मति गरेको कुरा (प्रतिज्ञाहरु) पुरा गर्नु यद्यपी, यसले नसोचेको बलिदान मबाट माग्दछ (मेरो श्रीमती वा अन्यहरुबाट होइन)।

भजनसंग्रह १५:४ जसले नीच मानिसलाई तुच्छ ठान्दछ, तर परमप्रभुको भय मान्नेहरूलाई आदर गर्दछ, जसले आफ्नो हानि हुँदा पनि, आफूले प्रतिज्ञा गरेको कुरा बद्लदैन,

गन्ती ३०:२ कुनै मानिसले परमप्रभुसित भाकल गर्‍यो अथवा शपथ खाएर बाचा बाँध्यो भने त्यसले आफ्नो वचन नतोडोस् तर त्यसले भनेको प्रत्येक कुरा गरोस् ।

व्यवस्था २३:२१ यदि तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्‍वरसित केही भाकल गर्‍यौ भने, त्यो तिर्न ढीलो नगर्नू, किनकि परमप्रभु तिमीहरूका परमेश्‍वरले त्यो निश्‍चय पनि तिमीहरूबाट माग गर्नुहुनेछ, अनि तिमीहरू पापको दोषी हुनेछौं ।

- ❖ यदि आवश्यक परेमा, करारमा रहेकाहरुको गल्तीहरु ढाक्नको लागि हामीले पनि हाम्रो पोशाकलाई फुकाल्नु पर्दछ । हामीले हाम्रो श्रीमती, हाम्रो दाजुभाई, हाम्रो दिदी बहिनीलाई अरुहरुको अगाडि आदरयोग्य बनाउनुपर्दछ ।
    - o हाम्रो पोशाक के हो ? – हाम्रो पद (कुनै मामिलामा), हाम्रो इज्जत, अरुहरुको आखाँमा हामीलाई केले असल बनाउदँछ ।
- ❖ हाम्रो सबै आत्मारक्षाका **हतियारहरु** दिनुपर्दछ र करारमा रहेकाहरुको सुरक्षाको लागि मात्र प्रयोग गर्नुपर्दछ ।

हितोपदेश १०:१२ घृणाले फाटो उब्जाउँछ । तर प्रेमले सबै भूलहरु ढाल्छ ।

१ पत्रुस ४:८ सबैभन्दा बढी, एक अर्कालाई गहिरो प्रेम गर, किनकि प्रेमले असङ्ख्य पापहरूलाई ढाक्दछ ।

❖ यहि नै करारमा रहेकाहरुको मानिसहरु/दाजुभाईहरुको व्यवहार हो ।

**आफै मरेहत्ते गरि नमरिकन** यस्तो करारमा प्रवेश गर्न असम्भव छ । सबै समस्याहरुले प्राय सबै विवाहलाई चोट पुर्‍याउदँछ, र हरेक समुहका विश्वासीहरु उठ्छन् किनभने विश्वासीहरु एक अर्कासँग करारको सम्बन्धमा जीउदैनन् । **हरेकले आफैको लागि खोज्दछ** । यसको अन्तिम नतिजा चाहिँ शैतानलाई खुल्ला ढोका दिनु हो । करारको पर्खालमा ठुलो भवाङ्ग ।

यर्मिया ६:१३ “सबैभन्दा सानादेखि लिएर सबैभन्दा ठूलासम्म **सबै लाभको निम्ति लोभी भएका छन्**, अगमवक्ताहरू र पूजाहारीहरूसमेत **सबैले छल गर्छन्** ।

हरेकले “आफ्नो पोशाक” राख्छन् र यदि सक्छन् भने अरुको “पोशाक” पनि लिन्छन् र उनीहरुको सबै हतियारहरु आफ्नै तहलाई बनाएर वा उठाउनलाई प्रयोग गछर्न ।

o उदाहरण : लूका १०:३०–३७ असल सामरी

१ पत्रुस ५:८ संयमी र चनाखो होओ । तिमीहरूको शत्रु शैतान कसलाई भेट्टाऊँ र खाइहालूँ भनी गर्जने सिंहझैँ यताउति घुमिहिँड्छ । उसले मानिसहरुलाई प्रयोग गर्छ !

यूहन्ना १०:१० चोर त चोर्न, मार्न, र नाश पार्न मात्र आउँछ म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भनेर आए ।

एफिसी ४:२७ अनि शैतानलाई कुनै मौका नदेओ ।

२ कोरिन्थी २:११ जसमा शैतानले हामीलाई परास्त गर्न नपाओस् । किनकि हामी त्यसका युक्तिहरूदेखि अजान छैनौं ।

उत्तर चाहिँ :

लूका ९:२३ त्यसपछि उहाँले तिनीहरू सबैलाई भन्नुभयोः “यदि कोही मेरोपछि आउने इच्छा गर्छ भने, उसले **आफैलाई इन्कार गरोस्** र दिनहु आफ्नो क्रूस उठाओस् र मेरोपछि लागोस् ।

लूका १४:२७ अनि जुन व्यक्ति आ१नो क्रूस बोकेर मेरो पछि लाग्दैन, त्यो मेरो चेला हुन सक्दैन ।

**यिनीहरुलाई तपाईले याद गर्नु नै पर्दछ र जीउनु नै पर्दछ :** गलाती २:२०
म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, [भुतकालमा घटेको–(जब येशू क्रूसमा टाँगिनुभएको थियो) जसको नतिजा अहिले पनि वर्तमानमा भइरहेको छ (म अहिले पनि क्रुसमा नै छु)] तैपनि म जिउँछु, त्यसो भए तापनि म त होइन, तर ख्रीष्ट ममा जिउनुहुन्छ । यो शरीरमा जुन जीवन म जिउँछु, त्यो म परमेश्वरको पुत्रमा विश्वास राखेर जिउँछु, जसले **मलाई प्रेम गर्नुभयो** अनि **आफैलाई मेरो निम्ति अर्पण गर्नुभयो** ।

- “मरेको मानिसको” के नै इच्छा हुन्छ र ?
- के मरेको मानिस लाभको लागि लोभ गर्छ र ?
- के उसले आफैलाई आत्मारक्षा गर्छ ? स्थानको लडाई गर्छ ? वा उन्नतीको लागि ?

❖ यहि नै करार हो – व्यतिगतरुपमा, म स्वर्थी उद्धेश्यहरुको लागि मरिसकेको छु र अहिले म अरुहरुको लागि जीउछु ।

हिब्रू ९:१६–१९ इच्छापत्रको विषयमा त, यसलाई बनाउनेको मृत्यु प्रमाणित भएको हुनु पर्छ, (१७) किनकि कोही मरेपछि मात्र इच्छापत्र प्रयोगमा आउँछ यसलाई बनाउने जिउँदो रहुन्जेल त्यो कहिले पनि प्रयोगमा आउँदैन । (१८) यसैकारण, पहिलो करार पनि रगतविना पक्का भएको थिएन । (१९) जब मोशाले सबै मानिसहरूलाई व्यवस्थाको हरेक आज्ञा घोषणा गरिसके, तीनले पानी, रातो ऊन र हिसपका हाँगाहरूसित बाछाहरूको रगत लिए, अनि व्यवस्थाको पुस्तक र सबै मानिसहरूमाथि छर्के ।

हामीले करार र त्यस सम्बन्धमा पूर्णरुपमा जीउनुलाई बुझ्नु आवश्यक छ :

- ❖ जोनाथनले आफ्नो जङ्गी पोशाक, आफ्नो तरवार, आफ्नो धनु र आफ्नो पेटी दाउदलाई दिए ।

    - हामीले **हरेक सम्भव हतियारहरु** दिनु पर्दछ जसद्वारा हामीले हाम्रो श्रीमती, हाम्रो दाजुभाई, हाम्रो दिदी बहिनीहरुलाई कुनै किसिमले हानि पुऱ्याउन सक्छौं ।

    - अधिकतम हानि पुऱ्याउने हतियार चाहिँ **जिब्रो** हो ।

    - हामीले यसलाई त्यागनु पर्छ र कहिल्यै पनि :

        - o दुष्ट कुरा बोल्नुहुदैन वा अरुको लागि पनि
        - o कुराकाट्नु
        - o वा आफ्नो आत्मारक्षा

याकुब ३:३–१० (३) घोडाहरूलाई आज्ञा मान्ने बनाउनलाई जब हामीले तिनीहरूका मुखमा लगाम लगाउँछौ, तब हामीले त्यसका सम्पूर्ण शरीरलाई घुमाउन सक्छौं । [यसको अर्थ के हो] (४) अथवा नमूनाको लागि जहाजलाई लिऊँ । तिनीहरू यति ठूला अनि तेज बतासद्वारा चल्ने भए तापनि एउटा सानो कर्णको सहायताले कर्णधारले जता लैजान इच्छा लाग्छ त्यतै लैजान्छ । (५) त्यस्तै किसिमले **जिब्रो** पनि शरीरको एउटा सानो अङ्ग हो, तर यसले धैरै घमण्ड गर्छ । आगोको सानो झिल्काले ठूलो जङ्गलमा डढेलो लगाउँछ भनी विचार गर । (६) अनि **जिब्रो** पनि एउटा आगो जस्तै नै हो, **जुनचाहिँ** शरीरका अङ्गहरूमध्ये दुष्टताको एउटा संसार नै हो । यसले सम्पूर्ण व्यक्तिलाई **दूषित पार्छ**, त्यसको **जीवनको सम्पूर्ण प्रवाहलाई आगो लगाइदिन्छ** र यो आफै पनि नरकको आगोमा पर्छ । (७) सबै किसिमका जन्तुहरू, चराहरू, घस्रने प्राणीहरू र समुद्रका जन्तुहरू मानिसद्वारा तह लगाइएका हुन्छन्, (८) तर **जिब्रो**लाई कुनै मानिसले तह लगाउन सक्दैन । यो घातक विषले भरिएको एउटा चञ्चल दुष्ट हो । (९) जिब्रोले हामी हाम्रा प्रभु र पितालाई प्रशंसा दिन्छौं, अनि यसैले हामी

परमेश्वरको स्वरूपमा बनिएका मानिसहरूलाई सराप्छांै । (१०) एउटै मुखबाट प्रशंसा र सराप निस्कन्छन् । मेरा भाइ हो, यस्तो हुनुहुँदैन ।

- तीनवटा उदाहरणहरु : घोडाहरुको मुखहरु, जहाजहरु, जंगलमा आगो ।
- के यो समस्याले यतिको ध्यान लिन योग्य छ ?
- हामीले कसरी जिब्रोलाई लगाम लगाउन सक्छौं ? हामी मरे पछि मात्र ! गलाती २:२०

याकुब ४:१–४ तिमीहरूमा झगडा र लडाइँ **केले ल्याउँछ** ? [अर्कोमा उत्तर आउदँछ] के ती **तिमीहरू**भित्र सङ्ग्राम गर्ने **स्वार्थी इच्छाहरू** (चाहनाहरु, तृष्णा, यौनको आनन्द, आफु केन्द्रितपन) बाट आउदैनन् ? (२) तिमीहरू केही चाहन्छौ (इच्छा गर्नु, लालच गर्नु, इच्छा) तर पाउदैनौ । तिमीहरू हत्या गर्दछौ र लोभ गर्दछौ, तर तिमीहरूले चाहेका कुराहरू पाउँदैनौ । तिमीहरू झगडा र लडाइँ गर्दछौ । तिमीहरूले पाउँदैनौ, किनकि तिमीहरू परमेश्वरसित माग्दैनौ । (३) तिमीहरू माग्दछौ तर पाउँदैनौ, किनकि तिमीहरूले पाएका कुराहरू **आफ्नो सुखविलास**मा खर्च गर्नलाई गलत उद्देश्य राखेर माग्दछौ । (४) तिमी **व्यभिचारी मानिसहरू**, (करार भङ्ग गर्नेहरु) के संसारसितको मित्रता परमेश्वरतर्फको घृणा हो भनेर जान्दैनौ ? जो संसारसित मित्र हुन चाहन्छ ऊ परमेश्वरको शत्रु हुन्छ ।

- हामी केको लालच, इच्छा, कुर्छौं, जसको नतिजाहरु झगडाहरु र लडाइहरुमा परिणत हुन्छ ?

  उत्तर : सहि हुनको लागि । मेरो तरिका हुनको लागि । महत्वपूर्ण हुनु वा देखिनु ।

- मामिला : आत्मा संयमताको विरुद्धमा आत्मासंलङ्गनता

  गलाती ५:२२–२६ तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धीरज, दया, भलाइ, विश्वस्तता, (२३) नम्रता र **संयम** हुन् । यस्ता कुराहरूको विरुद्धमा कुनै व्यवस्था छैन । (२४) जो जो ख्रीष्ट येशूका हुन्, उनीहरूले

आफ्ना **पापमय स्वभावलाई** यसका वासना र लालसा सहित **क्रूसमा टाँगिदिएका छन्** । (२५) हामी आत्माअनुसार जिउँछौं भने, **आत्माअनुसार नै हिँडौं** । (२६) हामी अहंकारी नहोऔं, एउटाले अर्कालाई रीस नउठाऔं, र एउटाले अर्कोको ईष्र्या नगरौं ।

लूका ९:२३–२४ त्यसपछि उहाँले तिनीहरू सबैलाई भन्नुभयोः “यदि कोही मेरोपछि आउने इच्छा गर्छ भने, उसले आफैलाई इन्कार गरोस् र दिनहु आफ्नो त्रूmस उठाओस् र मेरोपछि लागोस् । (२४) किनकि जसले आफ्नो जीवन जोगाउने इच्छा गर्छ त्यसले त्यो गुमाउनेछ, तर जसले मेरा खातिर आ१नो जीवन गुमाउला त्यसले त्यो बचाउनेछ ।

याकुब १:१९ मेरा प्रिय भाइहरू हो, यस कुरालाई विचार गरः हरेक मानिस **सुन्नमा छिटो, बोल्न** र **रीस** गर्नमा **ढिलो** होस्,

याकुब १:२६ यदि कसैले आफैलाई धर्मी सम्झन्छ र पनि आफ्नो **जिब्रोमा लगाम** लाउँदैन भनेता, उसले आफैलाई धोका दिन्छ र त्यसको धर्म व्यर्थको हुन्छ ।

- ❖ येशूको उदाहरण – उहाँले आफ्नो जीब्रोलाई लगाम लगाउनुभयो

१ पत्रुस २:२१ यसैको निम्ति तिमीहरू बोलाइएका छौ, किनकि ख्रीष्टले तिमीहरूको निम्ति **कष्ट** सहनुभयो, र तिमीहरूको निम्ति एउटा नमूना छोडउनुभयो अनि तिमीहरूले उहाँको पाइला पछ्याउनुपर्नेछ । २२ “उहाले कुनै पाप गर्नुभएन, र उहाको मुखमा कुनै छलको कुरा पाइएन ।” २३तिनीहरूले उहामाथि अपमान गर्दा, **उहाले बदला लिनुभएन** । उहाले **दुःख भोग्नुहुदा, धम्काउनुभएन** । यसको सट्टामा, न्यायपूर्ण इन्साफ गर्नुहुनेकहा आफूलाई सुम्पिनुभयो । २४ **उहाले** क्रूसमा **आफूनै शरीरमा हाम्रा पाप बोक्नुभयो**, यसरी पापको निम्ति मरौं र धार्मिकताको निम्ति जिऔं । उहाको चोटद्वारा तिमीहरू निको भयौ ।

**यहि नै साँचो हो** – तपाईको श्रीमतीसँग वा अन्य कोहीसँग पनि बादविबादको बेलामा शान्तिमा रहनको लागि ।

- वापस तर्क नलगाउनुहोस् वा आफैलाई आत्मारक्षा नगर्नुहोस् ।
- पहिला आफैसँग बोल्नुहोस् । आफ्नो क्रूसलाई लिनुहोस् । गलाती २:२० लाई लिनुहोस्

हितोपदेश १८:२१ **जीवन र मृत्युको शक्ति जिब्रो**मा हुन्छ, त्यसलाई प्रेम गर्नेहरुको त्यसका फल खानुपर्छ ।

कलस्सी ४:६ हरेकलाई **कस्तो जवाफ दिनुपर्छ भनी जान्नलाई** तिमीहरूको कुराकानी नूनजस्तो स्वादिलो र सधैँ **अनुग्रहपूर्ण** होस् ।

एफिसी ४:२९–३२ (२९) **तिमीहरूको मुखबाट कुनै नराम्रो कुरा ननिक्लोस्,** तर समयअनुसार तिनीहरूलाई निर्माण गर्न **सहायता पुग्ने** र सुन्नेहरूलाई **फाइदा** हुने कुराकानी मात्र गर । (३०) तर परमेश्‍वरको **पवित्र आत्मालाई सन्ताप नदेऊ,** जसद्वारा तिमी उद्धारको दिनका निम्ति छाप लगाइएका छौ । (३१) सबै **तितोपना, क्रोध र रीस, होहल्ला र निन्दा, सबै किसिमको डाहसमेत त्यागिदेओ** । (३२) एक अर्काप्रति दयालु र कोमल मनका होओ, ख्रीष्टमा परमेश्‍वरले तिमीहरूलाई क्षमा गर्नुभएझैँ एकले अर्कोलाई क्षमा गर ।

इमान्दारीपन – परमेश्वरले जसको सेवा गर्न मलाई बोलाउनुभएको छ अनेकताहरुलाई प्रयोग गरि मेरो सर्मपणतालाई **निश्चित** गर्नुपर्दछ ।

"आफ्नो जीवन आफ्ना मित्रहरूका लागि दिनुभन्दा ठूलो प्रेम कसैको हुँदैन ।"
यूहन्ना १५:१३

अरु कसैले हाम्रो लागि आफ्नो राजकिय पोशाकलाई उर्तानुभयो !

फिलिप्पी २:२–११ *एउटै मनका भएर, एउटै प्रेम राखेर, एउटै आत्मा र लक्ष्य लिएर मेरो आनन्द पूरा गर । (३) **स्वार्थी आकाङ्क्षा** र व्यर्थको अहङ्कारमा केही नगर,* [कुनै एक जनाको आफ्नै क्षमताहरु वा मुल्यको न्यायसंगत नरहेको उच्च विचार (अर्को अर्थमा घमण्ड)। असल आत्मा सम्मान चाहिँ न्यायसंगत हुन्छ १ कोरिन्थी

४:७; १५:१०] ***तर नम्रतामा एकले अर्कालाई आफूभन्दा श्रेष्ठ ठान*** *। (४) तिमीहरू हरेकले केवल आफ्नो इच्छा मात्र होइन, तर अरूको इच्छा पनि हेर । (५)* ***तिमीहरूको आचरण*** *पनि ख्रीष्ट येशूको जस्तै होस्ः (६) जसले, उहाँ परमेश्वरकै* ***स्वरूपमा*** *भएर पनि, परमेश्वरको* ***बराबरी*** *हुने कुरालाई पक्रिराख्ने कुनै थोकजस्तो ठान्नुभएन, (७) तर आफैलाई* ***रित्याउनुभयो*** (रित्तो पार्नु)*, एउटा* ***कमाराको*** *रूप लिनुभयो, मानिसकै प्रतिरूपमा बनिनुभयो । (८) अनि स्वरूपमा मानिसजस्तै भएर, उहाँले* ***आफैलाई होच्याउनुभयो*** *र मृत्युसम्मै अर्थात् क्रूसको* ***मृत्युसम्म नै आज्ञाकारी बन्नुभयो*** *। (९) त्यसैकारण परमेश्वरले* ***उहाँलाई सर्वोच्च स्थानसम्म उच्च पार्नुभयो*** *र उहाँलाई एउटा नाउँ दिनुभयो, जो हरेक नाउँ भन्दा उच्च छ, (१०) कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको, हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, (११) अनि परमेश्वर पिताको महिमाको निम्ति, हरेक जिब्रोले येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ ।*

एफिसी ५:२५–३३ (२५) पति हो, आफ्ना पत्नीहरूलाई **प्रेम गर, जसरी** ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभयो अनि मण्डलीको निम्ति **[१] आफूलाई अर्पित गर्नुभयो,** (२६) यस हेतुले कि वचनको पानीद्वारा उहाँले **[२]** त्यसलाई **धोएर** र **सफा गरेर पवित्र पार्न** सकून्, (२७) अनि उहाँले नै कुनै दाग वा चाउरी नपरेको एउटा प्रतापी मण्डली **उहाँ आफ्नै निम्ति प्रस्तुत गर्न सकून्** र त्यो मण्डलीचाहिँ **पवित्र र निष्खोट** होस् । (२८) यसै प्रकारले, पतिहरूले आफना पत्नीहरूलाई आफ्नै शरीरलाई झैँ **प्रेम** गर्नुपर्छ । जसले आफ्नो पत्नीलाई प्रेम गर्छ, त्यसले आफैलाई प्रेम गर्दछ । (२९) कुनै पनि हालतमा, कसैले आफ्नो शरीरलाई घृणा गर्दैन, तर उसले यसको वास्ता र पालनपोषण गर्दछ, जसरी ख्रीष्टले मण्डलीलाई गर्नुभयो, (३०) किनकि हामी उहाँको देहका अङ्गहरू हांै । (३१) "यसैकारण मानिसले आफ्ना आमा र बाबुलाई छोडे र आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई एउटै शरीर बन्दछन् ।" (३२) यो एक अति गहन रहस्य हो, तर मैले त ख्रीष्ट र उहाँको मण्डलीबारे कुरा गरिरहेको छु । (३३) तरै पनि, **तिमी** हरेकले **आफ्नो पत्नीलाई**, आफैलाई जस्तै गरी **प्रेम गर्नुपर्छ**, र पत्नीले आफ्ना पतिको **आदर** गरोस् ।

**[१]** येशू "मण्डलीलाई प्रेम गर्नुभयो र उसको लागि आफैलाई दिनुभयो" वा फिलिप्पी २:७–८ मा भनिएको जस्तै "तर **आफैलाई रित्याउनुभयो**, एउटा कमाराको रूप लिनुभयो, मानिसकै प्रतिरूपमा बनिनुभयो । (८) अनि स्वरूपमा मानिसजस्तै भएर, उहाँले **आफैलाई होच्याउनुभयो** र मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्म नै आज्ञाकारी बन्नुभयो ।" फिलिप्पी २:७–८

- आज्ञाकारिताले हामीलाई कसरी नम्र बनाउदँछ ?
  - म भन्दैछु : "मेरो इच्छा होइन तर प्रभु तपाईको ।"
  - म मेरो तह/अधिकारहरु/हकहरु/महिमा अज्ञाकारितको लागि छोड्छु
  - यहिँ नै दीनता हो : मेरो व्यक्तिगत अधिकारहरु र आकाक्षाहरु प्रभुमा त्यागनु । १ पत्रुस २:२१–२३

**[२]** "त्यसकारण" वा, "रित्याउनु" ले प्राप्त गर्ने :

- "उसलाई सन्तुष्ट पार्नु", त्यो चाहिँ उसलाई विषेशको रुपमा अलग राख्नु ।

- "उसलाई शुद्ध पार्नु ," अर्थ चाहिँ उसका सबै मानिसिक र भावनात्मक चोटहरु उसलाई महिमित पार्न निको पार्नु हो ।

हरेक व्यक्तिमा उनीहरुको जीवनभरि नै उनीहरुको हृदयमा भावनात्मक कचौरा वा क्षेत्र हुन्छ जो चाहिँ प्रेम वा पिडादायि हृदय दुखाईहरु र तिरस्कारहरुले भरिएको हुन्छ ।

हरेक श्रीमान् चाहिँ पवित्र आत्माको चंगाईको स्रोत हुनुपर्दछ जसले आफ्नो श्रीमतीमा भएको हृदय दुखाईहरु र तिरस्कारहरुलाई प्रेम र स्वीकारले हटाउनु पर्दछ ।
उसले यो आफ्नो कार्यहरु, आफ्नो व्यवहारद्वारा, आफ्नो वचनद्वारा र आफ्नो दयापूर्ण वास्ताद्वारा गर्नु पर्दछ , जसरी ख्रीष्टले गर्नुभयो ।

यसरी प्रेम गर्ने श्रीमतीले कहिल्यै पनि छोड्ने छैन र कहिल्यै पनि अविश्वासि बन्ने छैन ।

हाम्रो सन्तानहरुलाई पनि उनीहरुको भावनात्मक खालिपनहरुमा प्रेमिलो शब्दहरु, कार्यहरु, व्यवहारहरु, र उनीहरुको बुबाहरुको शुद्ध पारिएका अकंमालहरुले भरिनुपर्दछ ।

मलाई सत्य कथा भनिएको थियो :
दुव्यवहार गरिएको स्त्रीले भनिने : *"जब म सानो केटी थिए, मेरो परिवार धेरै नै विकृत थियो । मैले कसैले मलाई एक दिन मायाँ गर्नेछ, एक दिन मैले भ्यागुतालाई चुम्मन गरे यो सोचेर कि एक दिन मसँग राजकुमार हुनेछ जसले मलाई सम्हाल्नेछ र मलाई प्रेम गर्नेछ ।"*